


# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५३ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष २५ अंक ३ माघ – चैत्र २०७४ Year 25 Vol 3 Feb 2018 - Apr 2018

# एन. आई. डि.सी. डेभलपमेण्ट बैंक लिमिटेड अब राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

**काठमाडौं, १९ वैशाख २०७५**

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा एन. आई. डि.सी. डेभलपमेण्ट बैंक लिमिटेड गाभिई आजदेखि एकीकृत कारोबार शुभारम्भ भएको छ ।**



उक्त एकीकृत कारोबार कार्यक्रमको माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले पानसमा दीप प्रज्वलन तथा Systemमा बटम दबाइ शुभारम्भ गर्नुभएको छ । सो कार्यक्रममा उद्घाटन मन्तव्य दिदै माननीय अर्थमन्त्री डा. खतिवडाले वित्तीय प्रणालीमा चक्रीय सङ्कट आईरहने र त्यसबाट बच्न रणनीतिक उपायहरु अपनाउनुपर्ने बताउनु भयो । उहांले वित्तीय प्रणालीमा हुने अपराध असह्य हुने र गलत कार्य गरेमा सरकारले कसैलाई नछोड्ने विचार व्यक्त गर्नुभयो । उहांले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा एन. आई. डि.सी. डेभलपमेण्ट बैंक लिमिटेड गाभिएपछि बैंक वित्तीय रुपमा थप बलियो भएकाले प्रतिस्पर्धी पनि हुनु पर्ने विचार व्यक्त गर्नुभयो ।




कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले राष्ट्रिय वाणिज्य बैंक सरकारी बैंक भएकोले अगुवा बैंकको रुपमा कार्य गर्नुपर्ने बताउनुभयो । कार्यक्रमका सभापति डा.रवीन्द्र प्रसाद पाण्डेले बैंकलाई नयां पुस्ताको आकर्षणको केन्द्र बनाउन सक्नु प्रमुख चुनौती हो भन्नुभयो । रावाबैंकका संचालक एवं सयुक्त सर्जर समितिका संयोजक श्री निर्मलहरि अधिकारीले मर्जरको शुरुवातदेखि हालसम्म भएका सम्पूर्ण गतिविधिका विषयमा विस्तृत जानकारी गराउनु भएको थियो । एन.आई डि.सी. डेभलपमेन्ट बैंक संचालक समितिका अध्यक्ष हरिप्रसाद बस्यालले मर्जर कार्यमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र दुई बैंकबीच मर्जर भएपछि वित्तीय क्षेत्रमा पर्ने सकारात्मक प्रभावको बारेमा धारण व्यक्त गर्नुभयो । उहांले दुबै बैंक एक आपसमा गाभिएपछि बैंक तथा वित्तीय संस्थाको संख्यामा कमी आई गुणात्मक बृद्धि हुने, बैंकको पूंजीकोष बृद्धि हुन गई बैंकले देशको वित्तीय क्षेत्र तथा समग्र अर्थतन्त्रलाई थप सकारात्मक योगदान दिँदै आगामी दिनमा सबल र सक्षम बैंक बन्ने, सम्पत्तिमा बृद्धि हुने, व्यवसायको आकार बढ्ने, ग्राहकवर्गलाई अझ विस्तारित रुपमा गुणस्तरीय सेवा प्रदान गर्ने, संचालन लागत घट्न जाने, नेपाल सरकारलाई प्रतिफल दिन सक्ने, वित्तीय पंहुचमा बृद्धि हुनको साथै संस्थागत सुशासनमा अभिबृद्धि भई समग्र बैंकिङ्ग तथा वित्तीय प्रणालीको सम्बर्द्धन र सोप्रति सर्वसाधारणको विश्वसनीयतामा समेत अभिबृद्धि हुन जाने विश्वास लिएको विचार व्यक्त गर्नु भयो । सरकारका नीति तथा कार्यक्रम लागु गर्न थप सहयोग पुग्नुका साथै देशमा उत्पादनमुलक, रोजगारमुलक, सेवामुलक एवं भौतिक पूर्वाधारका क्षेत्रहरुमा समेत लगानी गर्न सबल र सक्षम वाणिज्य बैंकको रुपमा देशको समग्र आर्थिक सामाजिक

थप समाचार पृष्ट ५ ▶▶

## रावा बैंकका नवनियुक्त अध्यक्ष महेन्द्रमान गुरुङ्गद्वारा शपथ ग्रहण



**काठमाडौं, २३ वैशाख २०७५**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड संचालक समितिका नवनियुक्त अध्यक्ष महेन्द्रमान गुरुङ्गले नेपाल राष्ट्र बैंकका गभर्नर डा चिरन्जीबी नेपाल समक्ष बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १२७ को उपदफा १ बमोजिम आईतबार पद तथा गोपनीयताको शपथ लिनु भएको छ । अध्यक्ष श्री महेन्द्रमान गुरुङ्ग नेपाल सरकार संचार मन्त्रालयका सचिव हुनुहुन्छ। सो कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक श्री नारायणप्रसाद पौडेल, राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठ लगायत अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

## सम्पादकीय

वि.स. २०२२ साल माघ १० गते स्थापना भएको राष्ट्रिय वाणिज्य बैंक र वि.स.२०१६ साल असार १ गते स्थापना भएको तत्कालीन नेपाल औद्योगिक विकास निगम (हाल एन.आई.डी.सी. डेभलपमेन्ट बैंक लिमिटेड)बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी कार्य सम्पन्न भएको छ । नेपाल सरकार मन्त्रीपरिषदले मिति २०७३ माघ १४ गते निर्णय गरे अनुसार हाल अधिकांश सरकारी स्वामित्व रहेको एन.आई.डी.सी. डेभलपमेन्ट बैंक लिमिटेडलाई पूर्ण सरकारी स्वामित्व रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा गाभ्ने (मर्जर) यी दुई बैंकबीच मिति २०७४ भदौ १२ गते प्रारम्भिक समझदारी भएको थियो । दुवै बैंकका विशेष साधारण सभाले १:१ स्वाप रेसियोलाई पारित गरी २०७५ साल बैशाख १९ गतेदेखि राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको नाममा एकिकृत कारोबार सुरु भएकोले बैंकको पूंजीकोषमा बृद्धि हुने, बैंक वित्तीय रुपमा थप बलियो हुने, सम्पत्तिमा बृद्धि हुने, व्यवसायको आकार बढ्ने, विद्यमान ग्राहकलाई थप कारोबार गर्न सुविधा पुग्ने, संचालन लागत घट्ने, वित्तीय सेवाको पंहुचमा बृद्धि हुनुको साथै स्तरीय बैंकिङ्ग सेवा प्रदान गर्न सकिने विश्वास लिन सकिन्छ भने सरकारलाई आफ्ना आर्थिक नीतिहरु एउटै बैंकबाट जनतासमक्ष पु-याउन सहज हुने भएको छ ।

अत्याधुनिक सूचना प्रविधियुक्त बनाउदै बैंकलाई नयां पुस्ताको आकर्षणको केन्द्र बनाउनु यति बेलाको बैंकको प्रमुख चुनौती हो । ठूलो निक्षेप संकलन, फराकिलो शाखा संजाल र गहिरो ग्रामीण बैंकिङ्ग अनुभव भएको यस बैंकलाई नयां पुस्ताको सरकारी स्वामित्वको बैंक बनाउन दुई बैंकबीच भएको मर्जर कार्य कोशेढुङ्गा साबित हुने छ । देशको आर्थिक सामाजिक विकासमा लामो समयदेखि योगदान दिदै आईरहेका दुई ठूला सरकारी बैंकबीचको मर्जर कार्यबाट नेपालको आर्थिक रुपन्तरणमा अग्रणी बैंकको रुपमा स्थापित यस बैंक व्यवसायिक प्रतिस्पर्धात्मक बैंकिङ्ग क्षेत्रमा सदैव एक नम्बरको बैंक भई अनुकरणीय कार्य गर्न सकोस् शुभकामना !

## विशेष स्कुल तथा पुनर्स्थापना केन्द्र (SSDRC) लाई सहयोग हस्तान्तरण



**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५३ औं वार्षिकोत्सवको अवसरमा बैंकको संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत अटिजम बालबालिकाहरुको लागि कार्य गरिरहेको काठमाडौं, पेप्सीकोला स्थित विशेष स्कुल तथा पुनर्स्थापना केन्द्र (SSDRC)की कार्यकारी अध्यक्ष सबिता उप्रेतीलाई माननीय अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले रु. दुई लाख बराबरको चेक हस्तान्तरण गर्नुभएको थियो । बैंकले उक्त र कमको चेक विभिन्न थेरापी तथा म्युजिकलसम्बन्धी सामग्री खरिद गर्नका लागि प्रदान गरेको हो । मस्तिष्क र स्नायु कोषहरुको स्वभाविक विकासक्रममा हुने असमान अवस्थाका बालबालिकाहरुको लागि विशेष स्कुल तथा पुर्नस्थापनाको रुपमा कार्यरत यस संस्थामा हाल ४५ जनाभन्दा बढी बालबालिकाहरुले विशेष शिक्षा पाईरहेका छन् ।

### सुझाव तथा प्रतिक्रियाको लागि

यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ ।
-सम्पादक
ई-मेलः rbbnl@rbb.com.np, फोनः ०१-४२५२५९५, Ext. २४२३

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५३औं वार्षिकोत्सव सम्पन्न




**काठमाडौं, १० माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५३ औं वार्षिकोत्सब भव्य समारोहबीच सम्पन्न भयो । सो समारोहमा माननीय अर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले शहरी, ग्रामीण र दुर्गम स्थानमा आफ्नो उपस्थितिलाई विस्तार गर्दै वित्तीय सुधार र वित्तीय समावेशीताका लागि राष्ट्रिय वाणिज्य बैंक पायोनीयर बन्नुपर्ने बताउनु भयो । उहांले बैंकलाई नयां पुस्ताको आकर्षणको केन्द्र बनाउन सक्नु प्रमुख चुनौती हो भन्नुभयो ।

समारोहमा नेपाल राष्ट्र बैंकका कार्यबाहक गभर्नर चिन्तामणि शिवाकोटीले नेपालको आर्थिक विकासमा रावाबैंकले खेलेको भूमिकाको सह्राना गर्दै यो बैंक नेपालको अग्रणि वाणिज्य बैंक भएको बताउनुभयो । उहांले नयां प्रादेशिक संरचनाअनुसार बैंकहरुले सबै स्थानीय निकायमा शाखा खोल्नुपर्ने र त्यसको नेतृत्व राष्ट्रिय वाणिज्य बैंकले गर्नुपर्ने बताउनुभयो ।

बैंकका संचालक समितिका अध्यक्ष डा.रवीन्द्रप्रसाद पाण्डेले विगत १० वर्ष यतादेखि बैंकको सबै वित्तीय सुचकहरु सकारात्मक रहेका छन् । यद्यपी विद्यमान अवस्थामा बैंकका सामु थुप्रै प्रकारका चुनौतीहरु छन् र पनि बैंकभित्रको जनशक्तिलाई पूर्ण रुपमा उत्प्रेरित गर्न सकियो भने चुनौतीको सामना गर्न सकिन्छ भन्नुभयो । अध्यक्ष डा. पाण्डेले बैंकमा युवा पुस्तालाई आकर्षण गर्ने गरी प्रविधिमा आधारित सेवाहरु ल्याइरहेको बताउनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकको वर्तमान स्थिति र समग्र योजनाको बारेमा जानकारी गराउनु भयो । कार्यक्रममा बैंकको उत्कृष्ट शाखा कार्यालय, उत्कृष्ट कर्मचारी, पूर्व कर्मचारी सम्मान कार्यक्रम, २० वर्ष सेवा अवधि पुगेका कर्मचारीहरुलाई दीर्घसेवा पदक प्रदान गरिएको थियो ।

कार्यक्रममा बैंकमा रावाबैंक कर्मचारी सघंका अध्यक्ष बेदबहादुर लावती, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावाबैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संघठन रावा बैंकका अध्यक्ष दिपेन्द्र कार्की, रावाबैंक पूर्व कर्मचारी संघका अध्यक्ष पुरुषेत्तम निरौलाले शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशकहरु नारायणप्रसाद पौडेल, महेश्वरलाल श्रेष्ठ, बैंक संचालक समितिका सदस्यहरु, रावाबैंकका नायव प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायव महाप्रबन्धकहरु सुशिल श्रेष्ठ, केशबप्रसाद लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु लगायत कर्मचारीहरुको भव्य उपस्थिति रहेको थियो । कार्यक्रम नायब महाप्रबन्धक उद्धबप्रसाद खनालले संचालन गर्नुभएको थियो ।

## श्रद्धाञ्जली



जन्मः
वि.स. २०१८।०८।०२

स्वर्गारोहण :
वि.सं.२०७४।९।२।०३

यस राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय पिराडीचोकमा कार्यरत बरिष्ठ सहायक राम नारायण यादव (१०६८८)को असामयिक निधन भएकोमा दिवंगत आत्माको चीरशान्तीको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
परिवार

# राष्ट्रिय वाणिज्य बैंक लि.को विशेष साधारण सभा सम्पन्न




**काठमाडौं, २१ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको विशेष साधारण सभा सम्पन्न भएको छ । विशेष साधारण सभाले राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र एन.आई.डी.सी. डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने( Merger) प्रयोजनको निमित्त १:१ शेयर आदान प्रदान अनुपात तथा अन्तिम सम्झौता (स्कीम अफ एरेन्जमेण्ट) लाई अनुमोदन गरेको छ ।

बैंक संचालक समितिका अध्यक्ष डा.रवीन्द्रप्रसाद पाण्डेको सभापतित्वमा सम्पन्न सो विशेष साधारण सभामा अध्यक्ष पाण्डेले प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

विशेष साधारण सभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकार अर्थ मन्त्रालय, पर्यटन तथा नागरिक उड्यान मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग मन्त्रालय, वाणिज्य तथा आपूर्ती मन्त्रालय, उर्जा मन्त्रालय, सिंचाइ मन्त्रालय, महालेखा नियन्त्रकको कार्यालयका प्रतिनिधिहरुले राख्नुभएको जिज्ञासाबारे बैंक संचालक समितिका अध्यक्ष डा. रवीन्द्रप्रसाद पाण्डे, संयुक्त मर्जर समितिका संयोजक निर्मलहरि अधिकारी तथा प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले जवाफ दिनुभएको थियो ।

सो विशेष साधारण सभामा बैंकका संचालक समितिका सदस्यहरु निर्मलहरि अधिकारी, डा. जितेन्द्रप्रसाद उपाध्याय, रवीन्द्रलाल श्रेष्ठ, जनककुमार बराल, विद्यावारिधि सिग्देल, डा. रामदेव सिहं, नायब प्रमुख कार्यकारी अधिकृतद्वय बिष्णुप्रसाद बैद्य, भुपेन्द्र पाण्डे, महाप्रबन्धकहरु सुशिल श्रेष्ठ, कबिराज अधिकारी, केशबप्रसाद लम्साल, टेकराज जोशी, उद्धबप्रसाद खनाल र कम्पनी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार गीता हुंमागाई, मुल्याङ्कनकर्ता सुदर्शनराज पाण्डे र सुनिर ढुङ्गेल तथा बैंकभित्र क्रियाशिल तीनवटै ट्रेड युनियनका प्रतिनिधिहरु लगायतको उपस्थिति रहेको थियो । विशेष साधारण सभालाई कम्पनी सचिव जनन्नाथ कुईकेलले सहजीकरण गर्नुभएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल संस्कृत विश्वविद्यालयबीच सम्झौता



**काठमाडौं, २१ चैत**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल संस्कृत विश्वविद्यालयबीच विश्वविद्यालयका अवकास प्राप्त प्राध्यापक र कर्मचारीहरुको मासिक निवृत्तिभरण (पेन्सन) भुक्तानी गर्नेसम्बन्धमा सम्झौता भएको छ । सम्झौता पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र विश्वविद्यालयका उप कुलपति प्रा.डा. कुलप्रसाद कोइरालाले हस्ताक्षर गर्नुभएको छ ।

समारोहमा उप कुलपति कोइरालाले हाल विश्वविद्यालयका अवकास प्राप्त प्राध्यापक तथा कर्मचारीले यो सुविधा लिने र भविष्यमा थप प्राध्यापक तथा कर्मचारीहरु समेत यो सम्झौताबाट लाभान्वित हुने विश्वास लिईएको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले सम्झौता अनुसारको सेवाको अतिरिक्त विश्वविद्यालयमा कार्यरत माहानुभावहरुलाई बैंकले आफ्ना आधुनिक बैंकिङ्ग सेवाहरु प्रदान गराउँदै जाने बताउनुभयो ।

बैंकले नेपाल सरकारका सेवा निवृत्त राष्ट्र सेवक कर्मचारीहरु (निजामति, प्रहरी, नेपाली सेना र शिक्षक), नेपाल राष्ट्र बैंक, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल टेलिकम र त्रिभुवन विश्वविद्यालयका सेवा निवृत्त कर्मचारीहरुको पेन्सन वितरणको कार्य समेत गर्दै आइरहेको छ । बैंकले वार्षिक करिव २२ अर्व रुपैंयाभन्दा बढी पेन्सन वितरण गर्दै आईरहेको छ ।

उक्त समारोहमा राष्ट्रिय वाणिज्य बैंकका नायव महाप्रबन्धकहरु सुशिल श्रेष्ठ, उद्धबप्रसाद खनाल, विभागीय प्रमुख सरस्वती अधिकारी, विभागीय उप प्रमुख बिमल डङ्गोल र नेपाल संस्कृत विश्वविद्यालयका रजिष्ट्रार प्रा. कार्तिकेय झा तथा बरिष्ठ अधिकारीहरुको उपस्थिति थियो ।

# संखुवासभाको पोखरीबजारमा एक्सटेन्सन काउन्टर




**संखुवासभा, १८ फागुन**

संखुवासभा जिल्लाको चैनपुर नगरपालिका वार्ड नं. ३ स्थित पोखरीबजारमा राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १८ औं एक्सटेन्सन काउन्टरको कारोबार एक समारोहका बीच शुभारम्भ गरिएको छ । सो एक्सटेन्सन काउन्टरको उद्घाटन गर्नुहुँदै संखुवासभा जिल्लाका प्रतिनिधिसभा सांसद माननीय राजेन्द्र गौतमले स्थानीय जनतालाई बैंकिङ्ग कारोबार गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले एक्सटेन्सन काउन्टरलाई कारोबारको आधारमा भविष्यमा शाखाकै रुपमा समेत विकास गर्न सकिने बताउनुभयो । उहांले सो काउन्टरबाट निक्षेप संङ्कलन, रकम भुक्तानी, रेमिट्यान्स, एबीबीएस, मोबाइल बैंकिङ्ग, सामाजिक सुरक्षा भत्ता भुक्तानी लगायत अन्य बैंकिङ्ग सेवाहरु प्रदान गरिने बताउनुभयो ।

सो कार्यक्रममा संखुवासभा प्रदेशसभा (ख)का सांसद तुलसीप्रसाद न्यौपाने, प्रमुख जिल्ला अधिकारी शिवराज जोशी, जिल्ला न्यायधीश प्रकाश राउत, चैनपुर नगर प्रमुख भरतकुमार खत्री, संखुवासभा उद्योग वाणिज्य संघका सभापति युवराज शाक्य, चैनपुर उद्योग वाणिज्य संघका सभापति आशिष शाक्य, बैंकका नायब महाप्रबन्धक उद्धबप्रसाद खनाल, बिराटनगर क्षेत्रीय प्रमुख राजेन्द्र कट्टेल, चैनपुर शाखाका प्रबन्धक दीर्घ शाक्य, दिङ्गला शाखाका प्रबन्धक अनिष रायमाझी, स्थानीय जनप्रतिनिधि, व्यवसायी, सरकारी कर्मचारीहरु, विद्यार्थीहरु लगायत उल्लेख्य संख्यामा स्थानीय जनताको उपस्थिति रहको थियो । सो कार्यक्रमको संचालन ब्रान्च अपरेशन विभागका प्रबन्धक लक्ष्मीप्रसाद पराजुलीले गर्नुभएको थियो ।

सोही अवसरमा एक्सटेन्सन काउन्टरको उद्घाटन गर्नुपूर्व बैंकले पोखरीबजार क्षेत्रमा वित्तीय साक्षरतासम्बन्धी प्रभातफेरी कार्याक्रमको आयोजना गरेको थियो । सो प्रभातफेरी कार्यक्रममा स्वत:स्फूर्त रुपमा स्थानीय शिक्षक तथा विद्यार्थी, कर्मचारी, व्यवसायी, जनप्रतिनिधि लगायत अन्य स्थानीय जनसाधारणको उल्लेख्य संख्यामा उपस्थिति रहेको थियो ।

(प्रबन्धक लक्ष्मीप्रसाद पराजुलीको सहयोगमा तयार पारिएको)

मानव संशाधन

# तालिम विदेश




सन् २०१८ मार्च १२ देखि १६ सम्म International Development Institute (IDI) ले वासिङ्गटन डी.सी. अमेरिकामा संचालित "Banking Leadership Training Program" विषयक तालिम कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले सफलतापूर्वक भाग लिनुभयो।

सन् २०१८ फेब्रुअरी २५ देखि मार्च ४ सम्म हनोइ, भियतनाममा संचालित "International Training and Study Visit on Banking Business Governance" विषयक तालिम कार्यक्रममा बैंकका देहाय वमोजिमका कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।




**पद तथा नाम**

| | |
|---|---|
| १. मुख्य प्रबन्धक | शशि आचार्य |
| २. मुख्य प्रबन्धक | गणेशकुमार ढकाल |
| ३. मुख्य प्रबन्धक | बालकृष्ण घिमिरे |
| ४. मुख्य प्रबन्धक | शंकरकुमार रायमाझी |
| ५. मुख्य प्रबन्धक | भरत के.सी. |
| ६. मुख्य प्रबन्धक | राजकुमार खड्का |

सन् २०१८ जनवरी २४ देखि जनवरी २९ सम्म Insitute of Chartered Accountants of Sri Lanka ले श्रीलंकामा संचालित "Technical Training on IFRS Implementation and Other Specific IFRS Chapters" विषयक तालिम कार्यक्रममा बैंकका देहाय बमोजिमका कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।

**पद तथा नाम**

| | |
|---|---|
| १. प्रबन्धक(लेखा) | रुद्रनाथ पोखरेल |
| २. प्रबन्धक(लेखा) | सुजन भट्टराई |
| ३. उप प्रबन्धक(लेखा) | होमराज भट्टराई |
| ४. उप प्रबन्धक(लेखा) | नविन भण्डारी |

## सुचना अधिकारीको जिम्मेवारी थप



राष्ट्रिय वाणिज्य बैंक लि. व्यवस्थापन समितिको मिति २०७४ माघ २२ गतेको निर्णय अनुसार नायब महाप्रबन्धक उद्धबप्रसाद खनाललाई सुचना अधिकारीको जिम्मेवारी थप गरिएको छ ।

सन् २०१८ अप्रिल २ देखि ६ सम्म बैंकक, थाइलैण्डमा संचालित "Program on Business Competency Development for Bank Managers" विषयक तालिम कार्यक्रममा बैंकका देहाय बमोजिमका कर्मचारीहरुले सफलतापूर्वक भाग लिनुभयो ।



**पद तथा नाम**

| | |
|---|---|
| १. मुख्य प्रबन्धक | पवन रेग्मी |
| २. वरिष्ठ प्रबन्धक (लेखा) | निम्बल श्रेष्ठ |
| ३. वरिष्ठ प्रबन्धक (लेखा) | कृष्ण साह |
| ४. प्रबन्धक | शिवकुमार अधिकारी |
| ५. प्रबन्धक | घनश्याम रिजाल |
| ६. प्रबन्धक | वैदेही कुमार |
| ७. प्रबन्धक | लक्ष्मीप्रसाद पराजुली |
| ८. प्रबन्धक | प्रधुम्न कार्की |
| ९.प्रबन्धक | चिन्तामीण घिमिरे |
| १०. प्रबन्धक | ध्रवप्रसाद अर्याल |
| ११. प्रबन्धक (सुचना प्रविधि) | राजु नेपाली |
| १२. प्रवन्धक (सुचना प्रविधि) | हितकाजी गुरुङ्ग |
| १३. प्रबन्धक | रामेश्वर भण्डारी |
| १४. उप प्रबन्धक | दीर्घराज ओझा |
| १५. उप प्रबन्धक | जयप्रसाद शाह |
| १६. उप प्रबन्धक | गणेशबहादुर प्रधान |
| १७. सहायक प्रबन्धक | राजेशबहादुर श्रेष्ठ |
| १८. सहायक प्रबन्धक (इन्जिनियर) | न्हसला तुलाधर |
| १९. सहायक प्रबन्धक (कृषि) | संगिता पराजुली |
| २०. सहायक प्रबन्धक (कानुन) | ऋषिभुषण चौधरी |

# रावा बैंकको व्यवस्थापन परीक्षण हुने



**काठमाडौं, २ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको व्यवस्थापन परीक्षण (Management Audit) को कार्य सम्पादन गर्नको लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानसंग करार सम्झौता भएको छ । सो करार सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र प्रतिष्ठानका कार्यकारी निर्देशक पुण्यप्रसाद न्यौपानेले हस्ताक्षर गर्नुभएको थियो । सम्झौतामा बैंकमा विद्यमान रहेको संगठनात्मक ढांचाको रिभ्यु गर्ने, बैंकको उद्देश्यअनुरुप लक्ष्य पुरा गर्नका लागि विद्यमान दरबन्दीमा सुधार गर्नुपर्ने देखिए उपयुक्त दरबन्दीको सिफारिस गर्ने, बैंकमा विद्यमान रहेका नीति (संचालन नीति) रिभ्यु गर्ने, विद्यमान प्रोत्साहन स्वरुप प्रदान गरिएका पारिश्रमिक तथा सुविधाहरुमा रिभ्यु गर्ने, कर्मचारीको नियुक्ति, बढुवा, सरुवा, Job Rotation, तथा अवकाश आदिको नीति एवं प्रक्रिया अध्ययन गरी सुधार गर्नुपर्ने देखिएमा आवश्यक सुधारका लागि सिफारिस गर्ने, बैंकको आन्तरिक नियन्त्रण प्रणालीको रिभ्यु गर्ने, बैंकको लक्ष्य प्राप्तीका लागि आवश्यक Specific Qualification तथा Skill भएका जनशक्तिलाई Right Man in Right Place मा नियुक्त गर्नु लगायतको Sucession Plan का बारेमा समेत बैंकलाई २०७५ भदौं मसान्तभित्र सुझाब दिने गरी व्यवस्थापन परीक्षण (Management Audit) गर्ने सामान्य सेवा विभागका प्रमुख कपिलमणि ज्ञवालीले बताउनु भयो ।

# पूर्व सेवाकालिन तालिम सम्पन्न




**काठमाडौं, १८ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खुला प्रतिस्पर्धाद्वारा छनौट भएका प्रशासन तथा नगद समुहका बरिष्ठ सहायक (तह पांच)का ५३ जना नव नियुक्त कर्मचारीहरुलाई गत माघ १४ देखि १८ गतेसम्म काठमाडौंमा तालिम प्रदान गरिएको थियो । बैंकका मानव संशाधन विभागका प्रमुख गणेशकुमार ढकालले नव नियुक्त कर्मचारीहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ । सो कार्यक्रममा शपथ ग्रहण पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकप्रति ग्राहक सेवाका विषयमा केही गुनासाहरु भएकाले नव नियुक्त कर्मचारीहरुलाई ग्राहक सेवालाई सुधार गर्नतर्फ लाग्न सुझाब दिनुभयो । सो कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायब महाप्रबन्धक उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु नरेशराज अर्याल, देवेशप्रसाद लोहनी, मित्रलाल पंज्ञानी लगायतको उपस्थिति रहेको थियो । सो तालिम कार्यक्रममा विभागीय प्रमुखहरु नरेशराज अर्याल, मित्रलाल पंज्ञानी, विभागीय उप प्रमुखहरु संजयकुमार श्रेष्ठ, बिनोद नेपाल, शिवराम पौडेल, प्रबन्धक ईन्द्र कट्टेल, सहायक प्रबन्धक प्रतिभा पन्थीले जनरल बैंकिङ्ग, कर्जा, सुचना प्रविधि, जोखिम व्यवस्थापन, AML/CFT, ग्राहक सम्बन्ध व्यवस्थापन लगायतको विषयमा प्रशिक्षण दिनुभएको थियो ।

**काठमाडौं, ५ फागुन**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा खुला प्रतिस्पर्धाद्वारा छनौट भएका प्रशासन तथा नगद समुहका सहायक (तह चौथो)का ९० जना नव नियुक्त कर्मचारीहरुलाई गत फागुन २ देखि ५ गतेसम्म काठमाडौंमा तालिम प्रदान गरिएको थियो । बैंकका मानव संशाधन विभागका प्रमुख गणेशकुमार ढकालले नव नियुक्त कर्मचारीहरुलाई पद तथा गोपनीयताको शपथ ग्रहण गराउनुभएको छ । सो कार्यक्रममा शपथ ग्रहण पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नव नियुक्त कर्मचारीहरुलाई बैंकिङ्ग क्षेत्रमा वृत्ति विकासको पर्याप्त अवसर भएकाले उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई व्यवस्थापनले भविष्यमा शाखाको जिम्मेबारी समेत तोक्न सक्ने बताउनुभयो । सो कार्यक्रममा बैंकका नायब महाप्रबन्धक उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु नरेशराज अर्याल, मित्रलाल पंज्ञानी लगायतको उपस्थिति रहेको थियो । सो तालिम कार्यक्रममा विभागीय प्रमुखहरु नरेशराज अर्याल, मित्रलाल पंज्ञानी, विभागीय उप प्रमुखहरु संजयकुमार श्रेष्ठ, बिनोद नेपाल, शिवराम पौडेल, प्रबन्धक ईन्द्र कट्टेल, उप प्रबन्धक प्रमोद भुर्जीले जनरल बैंकिङ्ग, कर्जा, सुचना प्रविधि, जोखिम व्यवस्थापन, AML/CFT, ग्राहक सम्बन्ध व्यवस्थापन लगायतको विषयमा प्रशिक्षण दिनुभएको थियो ।

## ब्रान्च प्रोफाइल

# शाखा कार्यालय नारायणपुर (४३६)

### आ.व. २०७३।०७४ को सर्वोत्कृष्ट शाखा



**निक्षेप : रु. २५,२४,९९,३६०।७१, कर्जा : रु. ४७,७६,७९,०१५।५७, ग्राहक संख्या : ५३३९**
**प्रबन्धक : हेमबहादुर खडका, कर्मचारी संख्या : ५, प्रति कर्मचारी कर्जा: रु. ९,५५,३५,८०३।११,**
**प्रति कर्मचारी निक्षेप: रु. ५,०४,९९,८७३।९४, मुनाफा: रु. ४,४८,७१,०६८।१३, NPA : ०,**
**शाखा कार्यालय पुर्नस्थापना : २०७०।०१।१४**

**सफलताको रहस्य :**

कुशल नेतृत्व, कर्मचारीहरुको लगनशिलता, उच्च नैतिक बल, ग्राहकमैत्री व्यवहार, के.का तथा क्षे.का को सहयोग तथा समन्वय, ग्राहकहरुको सहयोग, उद्योग वाणिज्य संघ तथा प्रशासनिक निकायको सहयोग तथा विश्वास, उपलब्ध स्रोत तथा साधनको उचित परिचालन आदि ।

# सम्मान ...



मदन भण्डारी स्मृति वाटिका संरक्षण समिति एवं काठमाडौं उपत्यका विकास प्राधिकरणको सहकार्यमा काठमाडौं-३२, सुविधानगरमा निर्मित मदन भण्डारी स्मृति वाटिकाद्वारा मिति २०७५ बैशाख ११ गते आयोजना गरेको कार्यक्रममा उक्त वाटिकाले राष्ट्रिय वाणिज्य बैंक लि.लाई प्रदान गरेको सम्मान-पत्र सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली ज्यूबाट राष्ट्रिय वाणिज्य बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत श्री किरणकुमार श्रेष्ठ ग्रहण गर्दै ।

# AML/CFT को नीति र कार्यविधिसम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २७ माघ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजना तथा Datum Systems Private Limited को सहकार्यमा बैंकको कम्प्लायन्स विभागमा कार्यरत कर्मचारी तथा काठमाडौं उपत्यकाभित्रका शाखा कार्यालयहरुका प्रबन्धकहरु समेत गरी ४० जना कर्मचारीहरुलाई गत माघ २६ र २७ गते AML/CFT को नीति तथा कार्यविधि सम्बन्धी तालिम प्रदान गरिएको छ । सो अवसरमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक तथा वित्तीय संस्थाहरुले संस्थाको कार्याधिकार, कार्यक्षेत्र, भुगोल, व्यवसायको आकार प्रकार, उपकरण, ग्राहक सेवा, कारोबार तथा जोखिमका आधारमा सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी नीति तथा कार्यविधि बनाई लागु गर्नुपर्ने व्यवस्था अनुरुप रावाबैंकले लागू गरी सो को कार्यान्वयनमा बैंक लागिरहेको बताउनुभयो । सो कार्यक्रममा बैंकका नायब महाप्रबन्धकहरु टेकराज जोशी, उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु शशि आचार्य, मित्रलाल पंज्ञानी, शंकरकुमार रायमाझी लगायतको उपस्थिति रहेको थियो । सो कार्यक्रममा Datum Systems Private Limited का प्रमुख कार्यकारी अधिकृत गिरिश दाहाल लगायतले Master Class AML Training for Compliance & Branch as per Proposals विषयमा प्रशिक्षण दिनुभएको थियो ।

## एन. आई. डि.सी. डेभलपमण्ट बैंक लिमिटेड अब राष्ट्रिय...

विकास एवं वित्तीय प्रणालीमा सकारात्मक प्रभाव पार्दै नेतृत्वदायी भुमिका निर्वाह गर्न बैंक सफल भई सरकारको आर्थिक समृद्धि प्राप्त गर्ने कार्यमा सहयोग पुग्ने विश्वास लिएका छौं भन्नुभयो ।

कार्यक्रममा नेपाल सरकार अर्थ मन्त्रालयका सचिव राजन खनाल, संचार सचिव एवं बैंकका संचालक समितिका नव नियुक्त अध्यक्ष महेन्द्रमान गुरुङ्ग, अर्थ मन्त्रालयका राजश्व सचिव शिशिर कुमार ढुङ्गाना, राष्ट्रिय वाणिज्य बैंक तथा एन.आई डि.सी. डेभलपमेन्ट बैंक संचालक समितिका सदस्यहरु, रावाबैंक कर्मचारी सघंका अध्यक्ष बेदबहादुर लावती, नेपाल वित्तीय संस्था कर्मचारी संघ रावाबैंकका अध्यक्ष गगनसिंह घिमिरे, नेपाल राष्ट्रिय कर्मचारी संघठन रावाबैंकका अध्यक्ष दिपेन्द्र काकी, रावाबैंकका नायब प्रमुख कार्यकारी अधिकृत भुपेन्द्र पाण्डे, नायब महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, कविराज अधिकारी, केशवप्रसाद लम्साल, टेकराज जोशी, उद्धबप्रसाद खनाल, विभागीय प्रमुखहरु लगायत दुबै बैंकका कर्मचारीहरुको भव्य उपस्थिति रहेको थियो । कार्यक्रम नायब महाप्रवन्धक उद्धबप्रसाद खनालले संचालन गर्नुभएको थियो ।

बि.सं. २०१६ साल असार १ गते देशको औद्योगिक विकासमा योगदान पुर्‍याउने उद्धेश्यका साथ विशेष ऐन अन्तर्गत स्थापित नेपाल औद्योगिक विकास निगम हाल एन.आई.डि.सी. डेभलपमेण्ट बैक लिमिटेड र देशको आर्थिक, सामाजिक क्षेत्रमा योगदान पुर्‍याउने उद्धेश्यका साथ राष्ट्रिय वाणिज्य बैंक ऐन, २०२१ अन्तर्गत बि.सं. २०२२ साल माघ १० गते स्थापित राष्ट्रिय वाणिज्य बैंक हाल बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंकिङ्ग कारोबार गर्दै आईरहेका दुई अलग अलग सरकारी स्वामित्वका बैंकहरुलाई गाभ्ने नेपाल सरकारले मिति २०७३ माघ १४ गते निर्णय गरेको थियो ।

मर्जर पछि यस बैंकको १९१ वटा शाखा कार्यालय, चुक्ता पूंजी रु ९ अर्व ४७ लाख, ९५ हजार ७ सय, जगेडा तथा कोषहरु रु. ८ अर्व ३० करोड ५६ लाख ९९ हजार, कुल संपत्ती रु. १ खर्ब ८२ अर्ब ८५ करोड ५७ लाख ४६ हजार, कुल निक्षेप रु. १ खर्ब ५४ अर्व १७ करोड ६३ लाख ४२ हजार, कर्जा तथा सापट रु. १ खर्ब, १५ अर्व ७३ करोड ९ लाख ८७ हजार र खुद नाफा रु. ३ अर्व १२ करोड ६४ लाख ७९ हजार पुगेको छ ।

# मिति २०७४ माघ एकदेखि चैत मसान्तसम्म भएका सरुवा

| Gfd y/ | s:g+ | tx | sfo/t sfofno | ;?jf ePsf]sfofno | kb |
|---|---|---|---|---|---|
| श्री मनोज विलास पन्त | ११०८० | ८ | कावासोती | नारायणगढ | शाखा प्रबन्धक |
| श्री खिलराज भट्टराई | ११६२८ | ७ | निजगढ | कावासोती | शाखा प्रबन्धक |
| श्री बिष्णु पुसाद पोखरेल | ११६२० | ७ | दैलेख | रामनगर | शाखा प्रबन्धक |
| श्री दिपक प्रसाद पौडेल | ११५९४ | ६ | सिन्धुली | निजगढ | .शाखा प्रबन्धक |
| श्री बिक्रममान श्रेष्ठ | ११२५० | ८ | नारायणगढ | पुल्चोक | शाखा प्रबन्धक |
| श्री गोपाल प्रसाद न्यौपाने | ११४३६ | ६ | क्षे.का.पोखरा | सन्धिखर्क | शाखा प्रबन्धक |

| | | | | | |
|---|---|---|---|---|---|
| लिलाराम ढुङ्गाना | ११६१८ | ७ | सुर्खेत | क्षे.का. नेपालचञ्ज | उप प्रबन्धक |
| रविन्द्र पोखेल | ११३९२ | ७ | आ.ले.प विभाग | क्षे.का. काठमाण्डौ | उप प्र. सू.प्र. |
| दयाराम पन्त | ११३०० | ७ | शा.का. महेन्द्रपुल | क्षे.का. पोखरा | उप प्र. सू.प्र. |
| ज्योति दहाल | ११५०८ | ६ | इनरुवा | क्षे.का. विराटनगर | सहायक प्रबन्धक |
| रोशन सुवेदी | ११९३४ | ६ | खादबारी | क्षे.का. विराटनगर | सहायक प्रबन्धक |
| पेशल नेपाल | ११४४८ | ६ | टेकु | क्षे.का. काठमाण्डौ | सहायक प्रबन्धक |
| गंगा प्रसाद दंगाल | ११४४४ | ५ | बरगाछी | क्षे.का. विराटनगर | ब.स. |
| बरुण खड्का | ११५२० | ५ | मैतिदेवी | क्षे.का. काठमाण्डौ | ब.स. |
| अर्जुन भट्टराई | ११५५१ | ५ | पातिचौर | क्षे.का. पोखरा | ब.स. कम्प्यूटर |
| रविन्द्र प्रसाद चौलागाईं | ११८१६ | ५ | हेटौडा | सु.प्र. बिभाग | ब.स. कम्प्युटर |
| तारा प्रधान | १०८२७ | ४ | नक्साल | क्षे.का. काठमाण्डौ | सहायक |
| बसन्त माझी | ११७९१ | ४ | महाराजगञ्ज | क्षे.का. काठमाण्डौ | सहायक कम्प्युटर |
| श्रवण कुमार सिंह | ११६५९ | ४ | जलेश्वर | बर्दिवास | सहायक |
| रेणुका न्यौपाने | १२०४९ | ३ | पृथ्वीचोक | क्षे.का. पोखरा | कनिष्ठ सहायक |
| विष्णु प्रसाद निरौला | ११०३३ | ७ | सु.ब. बिराटनगर | क्षे.का. बिराटनगर | उप प्रबन्धक |
| मणीराज तामाङ्ग | १११०३ | ७ | वेलवारी | सु.ब. बिराटनगर | शाखा प्रबन्धक |
| त्रिचन्द्र भण्डारी | ११६१४ | ७ | दार्चुला | गुलरीया | शाखा प्रबन्धक |
| उमेश नेपाल | ११६२७ | का.मु. ७ | भोजपुर | वेलवारी | शाखा प्रबन्धक |
| ओम प्रकाश कलवार | १०७०९ | ६ | जलेश्वर | जदुकुवा | शाखा प्रबन्धक |
| शिव गौतम | १२०६५ | ६ | राजविराज | सु.ब. बिराटनगर | सहायक शा. प्र. |
| माधव पौडेल | १२०९९ | ६ | बेनी | सु.ब. भैरहवा | शाखा प्रबन्धक |
| सर्मिला उदास | १००५२ | ५ | सु.ब. बिराटनगर | देवकोटा चोक | ब.स. |
| शिवराज दाहाल | १२१८२ | ५ | भीमान | सु.ब. बिराटनगर | ब.स. (नगद) |
| अरविन्द्र कुमार झा | १२२०१ | ३ | ठाडा | सु.ब. भैरहवा | कनिष्ठ सहायक |

| gfd | s:g+ | xfnsf]kb | tx | xfnsf]sfofno | ;?jf ePsf] sfofno | kb |
|---|---|---|---|---|---|---|
| श्री ज्ञानु प्रसाद सेढाई | १०४९८ | का.मु.सहायक प्रबन्धक | ६ | मु.शा.का.काठमाण्डौ | खानीखोला | शाखा प्रबन्धक |
| श्री जंङ्ग बहादुर लामा | १०७०८ | शाखा प्रबन्धक | ६ | हिले | पथरी | शाखा प्रबन्धक |
| श्री नबिन अर्याल | १२०४३ | स शाखा प्रबन्धक | ६ | आबुखैरेनी | गल्याङ्गबजार | शाखा प्रबन्धक |
| श्री मन्जुला अधिकारी | १०००१ | बरिष्ठ सहायक | ५ | सिंहदरबार | .मानब.सं.बिभाग | बरिष्ठ सहायक |
| श्री श्रीराम बासकोटा | ९४५५ | सहायक प्रबन्धक | ६ | थापाथली | भच्चेक | शाखा प्रबन्धक |
| श्री बसन्त श्रेष्ठ | ८६५६ | स.शाखा प्रबन्धक | ६ | आर्यभन्ज्याङ्ग | आर्यभन्ज्याङ्ग | शाखा प्रबन्धक |
| श्री दिलिप कुमार साह | १०४४२ | बरिष्ठ सहायक | ५ | जनकपुर | बिरगंज | नगद सहायक |
| श्री सन्दिप जोशी | ९००६ | नगद सहायक | ५ | बिरगंज | क्षे.का बिरगंज | बरिष्ठ सहायक |
| श्री कमलेश झा | ११५७४ | स.शाखा प्रबन्धक | ६ | राजबिराज | सिरहा | शाखा प्रबन्धक |
| श्री रामजी पोखरेल | ११४३० | सहायक प्रबन्धक | ६ | रामनगर | बाणगंगा | शाखा प्रबन्धक |
| श्री राजेश डंगोल | ११०३७ | बरिष्ठ सहायक | ५ | क्षे.का.बिराटनगर | लेटाङ्ग | स.शाखा प्रबन्धक |
| श्री कमल प्रसाद आचार्य | ११४३१ | सहायक प्रबन्धक | ६ | गुल्मी | गुल्मी | शाखा प्रबन्धक |
| श्री अर्जुन अर्याल | १२२३३ | सहायक प्रबन्धक | ६ | गुल्मी | गुल्मी | स.शाखा प्रबन्धक |
| श्री शंकर कुमारी ढुङ्गेल | १२२४६ | सहायक प्रबन्धक | ६ | बानेश्वर | धनकुटा | शाखा प्रबन्धक |
